काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www.kankrebihar.com

राष्ट्रिय दैनिक



राष्ट्रिय संस्करण | वर्ष : २५ | अंक : १८२ | मंगलवार, १ वैशाख, २०८३ | Tuesday, 14 April 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रू. १०

मध्यपहाडी राजमार्गका दुई ठूला अवरोधले सास्ती



काँक्रेविहार संवाददाता
सुर्खेत, ३० चैत

मध्यपहाडबाट तीव्र रूपमा भइरहेको बसाइँसराइ रोक्ने उद्देश्यसहित सुरु गरिएको मध्यपहाडी राजमार्ग कर्णाली प्रदेशमा भने अझै पूर्णता पाउन सकेको छैन । विशेषगरी जाजरकोट खण्डमा पर्ने मन्ताभिर र भेरी नदीमाथिको पुल १३ वर्षदेखि अलपत्र रहँदा राष्ट्रिय गौरवको आयोजना नै प्रश्नको घेरामा परेको छ । सरकारले आर्थिक वर्ष २०६४।०६५ मा मध्यपहाडमा सडक अभावकै कारण जनसंख्या तराईतर्फ पलायन भइरहेको निष्कर्ष निकाल्दै मध्यपहाडी राजमार्गको अवधारणा अघि सारेको थियो । त्यसपछि आर्थिक वर्ष २०६९।०७० देखि यसलाई राष्ट्रिय गौरवको आयोजनामा समावेश गरी निर्माणलाई तीव्रता दिने प्रयास गरियो । पाँचथरको चिवाभञ्ज्याङदेखि बैतडीको झुलाघाटसम्म फैलिएको १ हजार ८ सय ७९ किलोमिटर लामो यो राजमार्गले मध्यपहाडका करिब ५० लाख नागरिकलाई प्रत्यक्ष सेवा पुऱ्याउने लक्ष्य राखेको छ ।

कर्णाली प्रदेश अन्तर्गत रुकुम पश्चिम, जाजरकोट र दैलेख हुँदै जाने यो राजमार्गको अधिकांश खण्डमा काम सम्पन्न भइसके पनि जाजरकोट खण्डमा भने प्रगति सुस्त छ । छेडागाड नगरपालिकामा पर्ने करिब ७ सय मिटर लामो मन्ताभिर अझै काट्न नसक्दा सडकले निरन्तरता पाउन सकेको छैन । यसै कारण यात्रुहरूले सिधा मार्ग प्रयोग गर्न नपाई वैकल्पिक लामो बाटो हुँदै यात्रा गर्नुपर्ने बाध्यता छ ।

अहिले दैलेखबाट जाजरकोटको बडावनसम्म सवारी सञ्चालन भइरहे पनि मन्ताभिर खण्ड अवरुद्ध हुँदा सवारीसाधनले छिन्चु-जाजरकोट सडक हुँदै खलंगा पुगेर पुनः रुकुम पश्चिमतर्फ जानुपर्ने अवस्था छ । स्थानीय रञ्जबहादुर बुढाका अनुसार छोटो दूरीमा पुग्नुपर्ने स्थानमा लामो घुमाउरो बाटो प्रयोग गर्नुपर्दा समय र खर्च दुवै बढेको छ । यस्तै, जाजरकोटको भेरी नगरपालिका-१३ दारेगौरा र रुकुम पश्चिमको चौरजहारी नगरपालिका-२ अँधेरे जोड्ने भेरी नदीमाथिको पुल पनि लामो समयदेखि अलपत्र छ । पुलका दुवैतर्फ पिल्लर निर्माण भए पनि मुख्य संरचना अझै बनेको छैन । यसका कारण दुई जिल्ला प्रत्यक्ष रूपमा जोडिन सकेका छैनन् भने मध्यपहाडी राजमार्गको समग्र उपयोगिता नै प्रभावित भएको छ । भेरी नगरपालिका-१३ का वडाध्यक्ष यज्ञबहादुर बटालाले पुल नहुँदा नागरिकले दैनिक सास्ती भोग्नुपरेको बताए । उनका अनुसार उपचार, शिक्षा तथा व्यापारका लागि चौरजहारी जानुपर्ने नागरिकहरूलाई जोखिमपूर्ण र कठिन यात्रा गर्नुपर्ने बाध्यता छ । सामाजिक सञ्जालमा बारम्बार आलोचना भए पनि सम्बन्धित निकायको ध्यान जान नसकेको स्थानीयको गुनासो छ ।

२०७० सालतिर तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित ठेक्का दिइएको उक्त पुल निर्माण कम्पनीको लापरबाहीका कारण अघि बढ्न सकेन । अन्ततः २०७९ मंसिरमा ठेक्का रद्द गर्दै सरकारको तर्फबाट ७२ लाख रुपैयाँ धरौटी र २ करोड ६० लाख रुपैयाँ पेस्की जफत गरिएको थियो । साथै सार्वजनिक खरिद नियमावलीअनुसार थप जरिवाना समेत तोकिएको छ । करिब १८ करोड रुपैयाँ लागत अनुमान गरिएको यो आयोजना अझै अन्योलमै रहेको छ ।

मध्यपहाडी राजमार्ग योजना कार्यालय दैलेखका प्रमुख निरञ्जन थापाका अनुसार पुल निर्माणका लागि नयाँ डिजाइन तयार गरी सडक विभागमा पठाइएको छ । नदीको बहावलाई ध्यानमा राख्दै तटबन्धसहितको नयाँ संरचना प्रस्ताव गरिएको र स्वीकृति प्राप्त भएलगत्तै टेण्डर प्रक्रिया अघि बढाइने उनले बताए । तर यसअघि आह्वान गरिएका टेण्डरमा या त उच्च लागत प्रस्ताव आएका वा कुनै पनि कम्पनीले चासो नदेखाएका कारण प्रक्रिया रोकिएको थियो ।

मन्ताभिर र भेरी पुलजस्ता महत्वपूर्ण संरचना निर्माण हुन नसक्दा मध्यपहाडी राजमार्गको स्तरोन्नति तथा कालोपत्रे कार्यसमेत प्रभावित भएको छ । रुकुम पश्चिमबाट जाजरकोट हुँदै सिधा यातायात सञ्चालन हुन नसक्दा स्थानीयवासीको दैनिकी कष्टकर बनेको छ ।

लुम्बिनी-रारा राजमार्गसँग जोडिने रणनीतिक महत्त्व बोकेको यो खण्ड समयमै सम्पन्न हुन नसक्दा कर्णालीको समग्र आर्थिक तथा सामाजिक विकासमा प्रत्यक्ष असर परेको सरोकारवालाहरू बताउँछन् । स्थानीयका अनुसार विकासका ठूला योजना कागजमै सीमित हुँदा जनतामा राज्यप्रति विश्वास घट्दै गएको छ । योजना सुरु भएको झण्डै डेढ दशक बितिसक्दा पनि मुख्य अवरोध हट्न नसक्नुले कार्यान्वयन पक्षको कमजोरी उजागर गरेको छ ।

अब ढिलाइ नगरी स्पष्ट योजना, कडा निगरानी र प्रभावकारी कार्यान्वयनमार्फत मध्यपहाडी राजमार्गलाई पूर्णता दिनुपर्ने आवश्यकता अझ टड्कारो बनेको छ ।

बजार अनुगमनमा कडाई, गुणस्तरहीन बस्तुलाई नष्ट

काँक्रेविहार संवाददाता
सुर्खेत, ३० चैत

खाद्य प्रविधि तथा गुणस्तर नापतौल कार्यालय, सुर्खेतले वीरेन्द्रनगर बजार क्षेत्रमा खाद्यन्न तथा फलफुल तरकारीको अनुगमन कार्य तिव्र रुपमा गरेको छ ।

बजारमा उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका खाद्यन्न र फलफुलको गुणस्तर, मूल्य र सुरक्षालाई ध्यानमा राख्दै अनुगमन गरिएको छ ।

अनुगमनका क्रममा विभिन्न पसल तथा व्यवसायहरूमा म्याद सकिएका खाद्यान्न सामग्रीहरू भेटिएका थिए, जसलाई तत्काल नियन्त्रणमा लिई नष्ट (डिस्पोज) गरिएको छ ।

यस्ता लापरवाहीले उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने भएकाले सम्बन्धित व्यवसायीहरूलाई सचेत गराइएको छ ।

साथै, अनुगमन गरिएका व्यवसायमध्ये ८ वटामा नियम उल्लंघन गरेको पाइएकाले आवश्यक कानुनी कारबाही अगाडी बढाइने भएको छ ।

यस अभियानमा सहायक प्रमुख जिल्ला अधिकारी डिल बहादुर कार्की, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, सुर्खेतका कर्मचारीहरू तथा सुरक्षा निकायक र पत्रकारको सक्रिय सहभागिता रहेको थियो ।

संयुक्त टोलीले बजारमा उपलब्ध फलफूल, तरकारी तथा अन्य खाद्य सामग्रीहरूको विषादी परीक्षण गर्नुका साथै तिनको वास्तविक मूल्य निर्धारणको अवस्थाबारे समेत गहन अनुगमन गरेको थिए ।

नेपाल सरकारले भारतबाट आयात हुने केरामा पूर्ण रूपमा प्रतिबन्ध लगाएको जानकारी समेत दिइएको छ । यसले बजारमा बिक्री भइरहेका फलफूलको स्रोत र गुणस्तरप्रति थप सजग रहनुपर्ने आवश्यकता देखाएको छ ।

व्यापार गर्दा मुनाफा मात्र नभई उपभोक्ताको स्वास्थ्य र विश्वासलाई पनि उत्तिकै प्राथमिकता दिनु आवश्यक छ ।

म्याद सकिएका वा गुणस्तरहीन सामग्री बिक्री गर्नु कानुनी रूपमा दण्डनीय मात्र नभई नैतिक रूपमा पनि गलत हो ।

आफ्नो पसलमा मूल्यसूची स्पष्ट राख्ने, स्वच्छता कायम गर्ने र गुणस्तरमा कुनै सम्झौता नगर्ने जिम्मेवारी सबै व्यवसायीको हो ।

ग्राहकहरूलाई खाद्य सामग्री खरिद गर्दा म्याद सकिएको छ छैन भन्ने सुनिश्चित गरेर मात्र प्रयोग गर्न अनुरोध गरेको छ । प्याकेटमा उल्लेखित जानकारी ध्यानपूर्वक पढेर शंकास्पद वस्तु देखिएमा सम्बन्धित निकायमा उजुरी गर्न सकिने बताएको छ ।

स्वस्थ र सुरक्षित बजार निर्माण केवल सरकारी अनुगमनबाट मात्र सम्भव हुँदैन, यसका लागि व्यापारी र उपभोक्ता दुवैको समान भूमिका आवश्यक हुन्छ ।

नियम पालना गर्ने बानी, सचेत व्यवहार र जिम्मेवार सोचले मात्र हाम्रो बजारलाई स्वच्छ, पारदर्शी र सुरक्षित बनाउन सक्छ ।

सम्पदा जोगाऔं, पहिचान बचाऔं ।

- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं। सम्पदा क्षेत्रमा फोहोर नगरौं।
- पुरातात्विक तथा धार्मिक स्थलहरूमा तोडफोड वा क्षति नपुर्याऔं।
- स्थानीय संस्कृति, परम्परा र मूल्य-मान्यताको सम्मान गरौं।
- सम्पदा क्षेत्रको संरक्षणसम्बन्धी नियम तथा निर्देशनहरूको पालना गरौं।
- पर्यटक तथा आगन्तुकहरूलाई सम्पदाको महत्वबारे जानकारी गराऔं।
- अनधिकृत निर्माण तथा अतिक्रमणबाट सम्पदालाई जोगाऔं।
- पुराना सम्पदाहरूको मर्मत सम्भार र संरक्षणमा समुदायको सक्रियता बढाऔं।

सम्पदा जोगाउनु हाम्रो कर्तव्य हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

इन्धनको संकट चुलिँदा कर्णाली सबैभन्दा जोखिममा

काँक्रेविहार संवाददाता
सुर्खेत, ३० चैत

मध्यपूर्वमा बढ्दो तनावका कारण विश्वव्यापी इन्धन आपूर्ति प्रणालीमा गम्भीर असर परेको छ । इरान, अमेरिका र इजरायलबीचको द्वन्द्व चर्किँदै जाँदा विश्वको करिब २० प्रतिशत इन्धन आपूर्ति हुने हर्मुज जलडमरूमा अवरोध सिर्जना भएको छ । यसको प्रत्यक्ष असर अन्तर्राष्ट्रिय तेल बजारमा देखिएको छ, जसले विश्व अर्थतन्त्रसँगै नेपालजस्तो आयातमा निर्भर देशलाई पनि प्रभावित बनाएको छ । अन्तर्राष्ट्रिय बजारको अस्थिरताले नेपालमा पछिल्लो ६ महिनामा सात पटकसम्म इन्धनको मूल्य वृद्धि भएको छ । यदि मध्यपूर्वको अवस्था चाँडै सुधार नआए, मूल्यवृद्धिको यो क्रम अझै लम्बिन सक्ने देखिन्छ । भारतमार्फत इन्धन आयात गर्ने नेपालका लागि त्यहाँ आपूर्ति अवरुद्ध भएमा देशभर नै संकट गहिरिन सक्छ । यस अवस्थाको सबैभन्दा बढी असर कर्णाली प्रदेशमा पर्ने सम्भावना छ । कारण, त्यहाँ पर्याप्त इन्धन भण्डारण गर्ने आफ्नै संरचना छैन । हालको अवस्थामा कर्णालीसँग एक हप्ता पुग्ने इन्धनसमेत भण्डारण गर्ने क्षमता नभएकोले आपत्कालीन अवस्थामा दैनिकी कष्टकर बन्न सक्छ । सरकारले आर्थिक वर्ष २०७७/०७८ मा देशभर ९० दिन पुग्ने इन्धन भण्डारण गर्ने लक्ष्य राखेको थियो। अन्य प्रदेशमा यस्तो संरचना निर्माण भए पनि कर्णालीमा भने आवश्यक जग्गा अभावका कारण योजना अझै अलपत्र छ । नेपाल आयल निगमको सुर्खेतस्थित कार्यालयले उपयुक्त जग्गा नपाउँदा निर्माण कार्य अघि बढ्न नसकेको जनाएको छ । वीरेन्द्रनगरमा उपलब्ध सीमित जग्गाले ९० दिनको भण्डारण क्षमताको डिपो निर्माण सम्भव छैन । करिब १० विगाह क्षेत्रफल आवश्यक पर्ने भए पनि उपयुक्त स्थानको अभाव मुख्य चुनौती बनेको छ । हाल कर्णालीमा इन्धन आपूर्ति नेपालगन्ज डिपोबाट ट्रकमार्फत हुँदै आएको छ । सुर्खेतमा ल्याएपछि गुणस्तर परीक्षण गरेर निजी बिक्रेतामार्फत वितरण गरिन्छ । प्रदेशमा १३ वटा अधिकृत बिक्रेता छन्, जसले पेट्रोलियम पदार्थ बिक्री गर्दै आएका छन् । दुर्गम जिल्लाहरूमा भने ड्रममार्फत इन्धन पुऱ्याइन्छ । विशेषज्ञहरूका अनुसार आपत्कालीन अवस्थाका लागि कर्णालीमा दैनिक करिब ८० हजार लिटर डिजेल र २० हजार लिटर पेट्रोल आवश्यक पर्छ । तर भण्डारण संरचना अभावले संकटको अवस्थामा आपूर्ति व्यवस्थापन निकै चुनौतीपूर्ण बन्न सक्छ । त्यसैले कर्णालीमा इन्धन भण्डारण डिपो निर्माणलाई प्राथमिकतामा राख्न आवश्यक देखिन्छ, ताकि सम्भावित संकटका बेला जनजीवनमा ठूलो असर नपरोस् ।

डिजिटल युगको विश्वसनीय आवाज

www.kankrebihar.com

सम्पादकीय

एकाधिकारको सूचनाले लोकतन्त्रमाथि खतरा

सरकारले हालै गरेको निर्णय अनुसार सार्वजनिक सूचना र विज्ञापन सरकारी स्वामित्वका सञ्चारमाध्यमबाट मात्र प्रकाशन-प्रसारण गर्न निर्देशदन दिइएको छ । यो सामान्य प्रशासनिक व्यवस्था जस्तो देखिए पनि यसको असर गहिरो र दूरगामी छ । लोकतान्त्रिक समाजमा सूचना केवल प्रवाह हुने वस्तु मात्र होइन, नागरिकको अधिकार पनि हो । यस्तो अवस्थामा सूचना प्रवाहलाई सीमित माध्यममा केन्द्रित गर्ने निर्णयले स्वतन्त्रता, विविधता र पारदर्शितामाथि गम्भीर प्रश्न खडा गरेको छ । सोमबार देशभरका पत्रपत्रिकाहरूले पहिलो पृष्ठमै "ह्वाट ह्वाट ह्वाट" लेखेर गरेको प्रतीकात्मक विरोध गरेका छन् । तर यो विरोध केवल भावनात्मक प्रतिक्रिया मात्रै होइन । त्यो लोकतन्त्रको मूल आत्मामाथि भइरहेको हस्तक्षेपप्रतिको चेतावनी हो । नागरिकलाई सुसूचित गराउने जिम्मेवारी राज्यको हो, तर त्यो जिम्मेवारी पूरा गर्ने माध्यमहरूलाई संकुचित गर्नु लोकतान्त्रिक मूल्यको विपरीत छ । एउटा मात्र–त्यसमाथि सरकारी नियन्त्रणमा रहेको–सञ्चारमाध्यमले सम्पूर्ण नागरिकलाई पर्याप्त, निष्पक्ष र बहुआयामिक सूचना दिन सक्छ भन्ने मान्यता स्वयंमा विवादास्पद छ ।

निजी सञ्चारमाध्यमहरू केवल व्यवसायिक संस्था मात्र होइनन् । ती समाजका ऐना हुन् । तिनले विविध दृष्टिकोण, आलोचना र बहसलाई स्थान दिन्छन् । सरकारी विज्ञापन रोक्ने निर्णयले यिनको आर्थिक आधार कमजोर पार्नेछ, जसले अन्ततः स्वतन्त्र पत्रकारितामाथि असर पुऱ्याउनेछ । प्रेस स्वतन्त्रता केवल अभिव्यक्ति गर्ने अधिकार मात्र होइन, टिकिरहने संरचनात्मक आधार पनि हो । आर्थिक रूपमा कमजोर बनाइएका सञ्चारमाध्यम स्वतन्त्र रहन सक्दैनन् । सरकारले सबै प्रकारका विज्ञापन तथा सूचना सरकारी सञ्चारमाध्यमबाट मात्र प्रकाशन तथा प्रसारण गर्न तीनै तहका सरकारी निकायलाई निर्देशन दिनु संघीयताको मर्म अनुसार कदम होइन । सार्वजनिक निकायबाट सार्वजनिक खरिदलगायत सूचना सञ्चारमाध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह एवं त्यसअन्तर्गतका निकाय तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने भनिएको छ । यस्तै सबै सार्वजनिक निकायले आ□ना सूचना गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन जस्ता सरकारी एवं सरकारी स्वामित्वमा रहेका सञ्चारमाध्यममा मात्र प्रकाशन-प्रसारणको व्यवस्था गर्ने सरकारले भनेको छ । सरकारको निर्णयमा निजी क्षेत्रका सञ्चारमाध्यम, नेपाल पत्रकार महासंघ, नेपाल विज्ञापन एजेन्सी संघ (आन), मिडिया सोसाइटीलगायतले विज्ञप्ति नै निकालेर निर्णयको विरोध गरेका छन् ।

नेपाल पत्रकार महासंघ लगायत विभिन्न संस्थाहरूले यस निर्णयलाई 'प्रेस सेन्सरसिप' को सुरूवात भनेका छन् । यो आरोप अतिशयोक्ति होइन भन्ने संकेत सर्वोच्च अदालतको कारण देखाऊ आदेशले पनि दिएको छ । न्यायपालिकाले यस विषयमा चासो देखाउनु आफैंमा कानुनी र संवैधानिक दृष्टिले विवादास्पद संकेत हो । सूचनाको एकरूपता, खर्चको पारदर्शिता वा व्यवस्थापनको सहजता हुने भनिएको छ । तर यी उद्देश्य प्राप्त गर्न वैकल्पिक उपायहरू पनि छन् । प्रतिस्पर्धात्मक, पारदर्शी र समावेशी विज्ञापन वितरण प्रणाली निर्माण गर्नु नै उचित बाटो हो । तर एकाधिकार स्थापना गर्नु उपयुक्त होइन । लोकतन्त्रमा सत्ता केवल शासन गर्ने अधिकार होइन । आलोचना सहने क्षमता पनि हो । सूचनाको बहुलता नै स्वस्थ समाजको आधार हो । यदि राज्यले सूचना प्रवाहलाई नियन्त्रण गर्न खोज्छ भने त्यसले नागरिकको चेतनालाई सीमित बनाउने जोखिम बढाउँछ । किनकी सरकारको यो निर्णय पुनर्विचार योग्य मात्र होइन । सुधार गर्न आवश्यक विषय पनि हो । स्वतन्त्र प्रेसलाई कमजोर पारेर कुनै पनि लोकतन्त्र बलियो बन्न सक्दैन । सूचना बहुलता र प्रेस स्वतन्त्रताको संरक्षण गर्नु आजको प्रमुख आवश्यकता हो । नत्र "ह्वाट ह्वाट ह्वाट" जस्ता प्रश्नहरू केवल पत्रिकाका पानामा सीमित नरही सम्पूर्ण समाजको चिन्तामा रूपान्तरण हुनेछन् । त्यसैले सरकारले अब समयमै न्योयोचित निर्णय गर्न आवश्यक छ ।

'संविधानले स्वतन्त्रता दिएपनि हाम्रो खुट्टाहरूमा जन्जिर बाँधिएका छन्'

(डा. रामजी रामले 'कर्णाली उत्सव'को सातौँ संस्करणमा दिएको 'भुइँदेखि भूमिकासम्म' शीर्षकको विद्वत प्रवचनको सम्पादित अंश)



-डा. रामजी राम

सामान्यतः लाग्दैन होला किन कोही मान्छे अपवाद जन्मिन्छ भनेर । मैले यो किन पनि सम्झिन्छु भन्दा म यो ठाउँबाट उभिएर हेर्दै गर्दा म यहाँ आएँ तर मेरा साथीहरू कयौँ जो यहाँ आउन सक्थे, मभन्दा बढी क्यापेबल (सक्षम) थिए, ती यहाँ पुग्न सक्थे होलान्, ती पुग्न सकेनन् । मेरा साथीहरू यहाँ पुग्न सक्थे, पुगेका पनि छन् तर धेरै कम । त्यसैले म 'अपवाद'को रूपमा बारम्बार भनिरहेको हुन्छु ।

मेरा साथीहरू म भन्दा बढी प्रतिभावान थिए तर उनीहरूले मैले जत्तिकै स्थान अथवा अवसरहरू पाएनन् । किन पाएनन् ? त्यसका हजारौँ कथा-व्यथाहरू छन्, ती कुराहरू पनि म केलाउँदै जान्छौँ । त्यसैले यो अपवाद जन्मिनु भनेको पनि समाजको एक तरिकाले राम्रो पनि पाठ हो भने साच्चिकै नराम्रो पाठ पनि हो ।

म किसानको छोरा पनि–किसानले बालीको बिउ छर्दै गर्दा मेरो एक बिउ पनि खेर नजाओस् भनेर सम्झन्छन् । त्यस्तै यो देशमा जन्मने हरेक विद्यार्थीहरू, बालबालिकाहरू, एउटा बच्चाहरू पनि कोही पनि कमजोर नहोउन् भनेर देशले सोच्नुपर्ने हो । कोही पनि असक्षम नहोउन् भनेर राज्यले सोच्नुपर्ने हो । कोही पनि मान्छे कुनै पनि कारणले गर्दा उसको दक्षता, उसको प्रतिभा कमजोर नहोस् भनेर राज्यले सोच्नुपर्ने हो तर त्यस्तो अवस्था छैन । किसानले जसरी सोच्छन् कि मेरा सबै बिउहरू बाली दिउन्, फलुन्, फुलाउन् र फहराउन् भनेर सोच्छन् तर आकलझुकल कुनै बिउ कमजोर भयो भने ती किसानहरू रुन्छन् । तर हाम्रो समुदायका परिवारहरू, मेरा साथीहरू, मेरो भुइँतहकै मेरा आफ्ना मित्रहरू पनि ती लेभलमा पुग्न नसक्दा मलाई दुःखी महसुस हुन्छ । म जन्मिदै गर्दा मेरो नामसँग जोडिएको कयौँ विभेदहरू आए । यहाँहरूलाई थाहा होला कोही मान्छे कमजोर जातको, कोही ठुलो जातको, कोही कुन ठाउँको–यी सबै कुराहरूले उनीहरूको जन्जिर बाँधेको छ ।

म सम्झिन्छु संविधानलाई । संविधानले त हामीलाई स्वतन्त्र छन् भनेर सबैतिर भनिसकेका छन् तर वास्तवमा यदि हेर्ने हो भने हामी हरेक ठाउँ-ठाउँमा बन्धनमा छौँ । कहीं न कहीं हाम्रो खुट्टाहरूमा जन्जिर बाँधिएका छन् –कहीं जातका नाममा, कहीं विभेदका नाममा, कहीं एउटा परिचयको नाममा र ती परिचयका घेराहरू भत्किन नपाउँदाखेरि । यी परिचयहरूले यति गाह्रो बनाउँदो रहेछ कि हामीले जति पनि एउटा जन्मिदै गर्दा आफ्नो कर्मले पहिचान बनाउँ सोच्दै गर्दा पनि हाम्रा परिचयहरू हाम्रै समाजका नीतिले, परिस्थितिले, परम्पराले यसरी बनाएको हुन्छ कि त्यो परिचय तोड्नको लागि पनि कति बल लाग्ने हो, कति युग लाग्ने हो, कति के-के लाग्ने हो, के-के गुमाउनुपर्ने हो–कल्पना गर्नै गाह्रो छ । त्यसैले आजको दिनमा हाम्रा पुस्ताले के-के गुमाए होलान् ती कल्पना गर्न पनि गाह्रो छ । र कतिका कल्पना, कतिका योगदानको बिचमा यहाँ ती आन्दोलनहरू सम्झिन्छु, ती आवाजहरू सम्झिन्छु जुन जति प्रयास गरे पनि यहाँ आउन सकेनन् । मैले आजभन्दा चार वर्ष अगाडि सुर्खेत आएको थिएँ । मुख्यमन्त्री कार्यालय घेराउ कार्यक्रममा, जुन बेला बादी समुदायका साथीभाइहरूले भूमि पाएनन्, घर पाएनन् अथवा यहीं पनि सम्मानित जीवन बाँच्न पाएनन् भनेर सरकारका ढोकाहरू ढकढकाउँदै आएका थिए । त्यतिबेला एक सरकारी कर्मचारीले भन्नुभएको थियो–उनीहरू घेराउ गर्ने क्रममा रातभरि त्यहीं बसेका थिए–कर्मचारीले के भन्नुभएको थियो भने 'तपाईंहरूसँग रात छ, गाह्रो होला, पानी पर्ला, घर जानुस् यहाँ नबस्नुस्' भन्नुभएको थियो । तर मलाई सम्झना छ, तीमध्ये एकजनाले जवाफ दिएका थिए–'हैन सर, हामी त जिन्दगीभरि यसरी नै बाँचिरहेका छौँ खोला किनारमा, हामीसँग त छत नै छैन, भुइँ छैन । हामीलाई एक दिनको तपाईंको चिन्ता लागेको छ, हाम्रा त पुस्ता नै यसरी बाँचिसके । तपाईंलाई एक दिनको कति पिर लागेको होला, हामीलाई साँच्चिकै पिर लाग्छ भने हाम्रो छतमुनिको छाना छाप्नको लागि भए पनि व्यवस्था मिलाइदिनुस्, हामीले सम्मानित जीवन बाँच्नको लागि वातावरण बनाइदिनुस् ।'

आज ती दिनहरू झलझली याद आइरहेका छन् । र यो पनि याद आइरहेको छ कि तीमध्येकी मेरो एक साथी आज मन्त्री पनि हुनुभएको छ । उहाँको नाम सीता बादी हो । कर्णालीले सीताजीलाई भुइँतहबाट, त्यो झुप्रो र खोला किनारबाट मन्त्रिमण्डलमा प्रवेश गराउन जुन भूमिका खेलेको छ, त्यो श्लाहनीय छ । आज उहाँ बालबालिका, महिला र ज्येष्ठ नागरिक मन्त्री हुनुभएको छ । उहाँ आफ्नो समुदायको मात्र मन्त्री हुनुहुन्न, देशको मन्त्री हुनुभएको छ । जो मान्छे जहिले पनि खोला किनारमा बसे, सीमान्तकृत मुद्दाका लागि आज उहाँ मन्त्री हुनुभएको छ । यो श्रेय दिने र यो ठाउँसम्म पुऱ्याउन कर्णालीका भुइँमान्छेहरूले जुन मेहनत गरेका छन्, त्यो श्लहानीय छ । हामी सबैसँग एउटा 'भुइँ' छ । त्यो भनेको के हो भने हरेक मान्छे जीवनमा कहीं न कहीं, कुनै न कुनै बेला दुःख भेलेकै हुन्छ । एउटा दुःख पार गर्दा अर्को दुःख आउँछ । तर दुःख स्वीकार गरिसकेपछि दुःखलाई झेल्न सजिलो हुँदो रहेछ । मैले त्यो महसुस गरेको छु ।

आजभन्दा २० वर्ष अगाडि मेरो मानसपटलमा यस्तो भिडको गेस्ट बन्छु भन्ने कहिल्यै कल्पनामै थिइनँ । हाम्रा सपना कस्ता हुन्थे भने पन्जाबमा गएर धान काट्ने, उखु काट्ने, कसैको खेतमा गएर मलजल गर्ने–हाम्रो सपना त्यता थियो । तर आज ती सपनाका बाउन्ड्रीहरू तोडिँदा मेरो सानो आकाशको बाउन्ड्री तोडेर ठुलो आकाशको पन्छीजस्तै उड्न पाउँदा मलाई गौरवान्वित महसुस भएको छ । तर म के भन्न चाहन्छु भने सपनाको सानो घेरामा नबस्नुस्, आफैंले सपना देख्ने र त्यो पूरा गर्न मेहनत गर्ने हो भने पक्कै पूरा हुँदो रहेछ । त्यसका लागि आफ्नो 'भुइँ' थाहा पाउनुपर्छ । भुइँ भनेको आफ्नो स्ट्रेन्थ (शक्ति) र कमजोरी के हो भनेर चिन्नु हो । भनिन्छ नि कमलको फूल हिलोमा फुल्छ भनेर । त्यो हिलो त कमलका लागि मलजल हो । त्यस्तै भुइँतहमा भएका जति पनि कमजोरी र सीमितताहरू छन्, तिनलाई चिन्न सक्यौँ भने ती कमजोरी नै हाम्रो बल बन्दा रहेछन् ।

मैले अहिले हाम्रो समाजमा एउटा 'सामुदायिक सिकाइ केन्द्र' खोलेको छु । त्यहाँ पढ्दै गर्दा एक नानीले मलाई भनेकी थिइन्–'सर, मलाई यो गर्मीले कहिल्यै रोक्दैन पढ्नका लागि। गर्मी मेरो ज्ञान पाउनुको उद्देश्यभन्दा ठुलो होइन । मेरो अज्ञानताले जीवन बिगार्छ तर यो गर्मीले बिगार्दैन ।' हामी कहिलेकाहीं पसिनामा हुँदा दिक्क मान्छौं, तर मेरा बुवाले गर्मीमा कोदालीले खेत खन्दा कहिल्यै थाक्नु भएन । हाम्रो भोकसँग लड्न र लुगा किन्न उहाँ पसिनामा पनि खटिनुभो । त्यति कुरा हामीले बुझ्नुपर्छ । हाम्रो भुइँ भनेको हामी सबैले मुख जोड्न, आफ्नो छतमुनि बस्न र मन परेका मान्छेसँग बाँच्नका लागि गर्ने कर्म हो । ती कर्महरूलाई राम्रोसँग मनन गरेर भूमिका निभाउन सक्यौँ भने पक्कै पनि त्यहीं सन्तुष्टि मिल्छ । हामी भूमिका निभाउने क्रममा सीप र ज्ञान आर्जन गर्छौं, पद पनि हासिल गर्छौं । तर पदमा पुगेपछि भूमिका निभाउन सकेनौं भने फेरि हामी त्यहीं भुइँमा झर्छौं र त्यसले न्याय पाउन सक्दैन । म जुन मेहनतले डाक्टर बनें, डाक्टरी भनेको औषधि र मलमपट्टी मात्र होइन । यो त एउटा यस्तो चित्त हो जसले हरेक प्राणीको दुःख कम गर्ने, दुःखका कारणसँग लड्ने र सुखका उपाय खोज्ने प्रयास गर्छ । मलाई लाग्छ, तपाईं हामी सबैमा त्यो डाक्टरी चित्त छ जसले आफ्नो र अरूको दुःख हटाउन हरदम प्रयास गर्छ ।

अन्त्यमा, जीवन स्थायी छैन । हामीले कयौँ साथीहरू गुमाएका छौं । हाम्रो जीवन कति बेला टुङ्गिन्छ थाहा छैन, त्यसैले अहिले जे छ त्यसको कदर गर्न जान्नुपर्छ । कोही एकजना आएर मेरो जीवन बनाइदिन्छ भनेर बस्नुभन्दा हामीसँग भएका स्थानीय स्रोत र आफ्नो शक्ति चिनेर अघि बढ्नुपर्छ । कुनै एकजनाको आशामा होइन, हरेक व्यक्तिको आशामा देश बन्छ । आज देशमा समावेशिताका कुराहरू भइरहेका छन् । फरक-फरक अनुहारहरू मन्त्रिमण्डलमा देखिएका छन् । सबै समुदायको सह-अस्तित्व र नेतृत्व स्वीकार्ने ठाउँमा हामी पुगेका छौं । सबैभित्र एउटा हिरा छ, तर त्यो धुलो-माटोले छेकिएको हुन्छ । त्यो धुलो सफा गर्ने हो भने हरेक मान्छे चम्किन सक्छ । र त्यो हिरा चिन्ने मान्छे पनि हुनुपर्छ । जसरी खुट्टामा किलो बिझ्यो भने टाउको दुख्छ, त्यसरी नै समाजको कुनै एक अङ्ग कमजोर भयो भने देश कमजोर हुन्छ । कोभिडले पनि हामीलाई यही सिकाएको छ । त्यसैले भुइँतहका मान्छेको प्रतिभा उजागर गर्नुपर्छ । तपाईं हामीले जे पाएका छौं–ज्ञान, सीप, धन–त्यो अरूलाई दिन सक्यौं भने मात्र त्यसको ऊर्जा महसुस हुन्छ । हामी घर त ठुलो बनाउँछौं तर मन सानो बनाउँछौं । हाम्रो सबैभन्दा ठुलो घर हाम्रो यो शरीर र मन हो, जसलाई सफा राख्न सक्यौं भने यसले सबैको हित गर्छ । तपाईंहरूले आफ्नो मन र वातावरण राम्रो बनाउनुभयो भने बोली र व्यवहार पनि राम्रो हुन्छ । साच्चिकै तपाईंले जसको राम्रो चिताउनुहुन्छ, उसको राम्रो हुन्छ नै । मनमा राम्रो कुरा आएपछि व्यवहारमा पनि त्यही झल्किन्छ ।

राजेश हमाल भन्छन्– राजनीतिमा नआउने भन्ने छैन

नेपाली सिने क्षेत्रका महानायक राजेश हमालले आगामी दिनमा आफु राजनीतिमा आउन सक्ने सङ्केत गरेका छन् ।

सोमबार सुर्खेतमा आयोजित कर्णाली उत्सवको 'नखिचिएका सिनेमा' सत्रमा बोल्दै हमालले समय आएपछि आफु राजनीतिमा आउन सक्ने बताए ।

दर्शकहरुले राजेश हमाललाई राजनीतिमा देख्न पाइन्छ कि पाइन्न भन्ने प्रश्न राखेपछि हमालले भने, 'म राजनीतिमा चासो राख्ने, बुझ्ने व्यक्ति हो । त्यसैले राजनीतिमा देखिनै नपाइने हो त म भन्दिन । तर हरेक व्यक्तिको एउटा खाँचो महसुस हुने बिन्दु आउला नि ।'

यदि समय आएको खण्डमा भविष्य भन्न नसकिने उनले बताए।गतभदौ २३र२४ गतेभएको जेनजी आन्दोलनको विषयमा बोल्दै हमालले परिवर्तनका लागि आन्दोलन हुनु सकरात्मक भए पनि त्यसबाट भएको विध्वंसको निन्दा गर्नुपर्ने बताए ।

'हाम्रो देशका धरोहरहरु जले, त्यो राम्रो भएन,' उनले थपे, 'आज सिंहदरबार नजलेको भए, संसद भवन नजलेको भए नयाँ सांसदहरु



त्यहीं बस्न पाउनुहुन्थ्यो ।'

वास्तविक जीवन र पर्दाको भूमिका बारे महानायक हमालले अभिनय र वास्तविक जीवनको विषयमा पनि बाले ।

'अभिनय र वास्तविक जीवनमा फरक यति हुन्छ कि कट भनिसकेपछि संयमित भएर फेरि आफ्नो ठाउँमा आउन सक्नुहुन्छ,' उनले भने, 'वास्तविक जीवनमा तपाईं भावना पोखिरहँदा तपाईंलाई कट भने पनि तपाईं एकैचोटी रोक्न सक्नुहुन्न ।

त्यति मात्रै फरक हो ।'

कलाकारले पुस्तकालय भनेकै उसले आफ्नो वास्तविक जीवनमा भोगेका, बिताएका अनुभवहरू नै भएको उनी बताउँछन् ।

उनी भन्छन्, 'त्यसैलाई कहीं न कहींबाट सापट लिने हो, किनकि हरेक मान्छेको जीवन विभिन्न किसिमको भावनाबाट गुज्रेको हुन्छ, विभिन्न किसिमको अनुभवबाट गुज्रेको हुन्छ ।'

तर कलाकारको धर्म ती सबैलाई कहीं न कहीं सञ्चित गरेर राख्ने रहेको हमालले बताए ।

'आफूलाई दुःख पर्दाखेरि आफूलाई के गुज्रिरहेको थियो, कुनै बेला आफू रिसाउँदाखेरि के गुज्रिरहेको थियो, आफू मायामा फस्दाखेरि आफूमा के गुज्रिरहेको थियो रियल लाइफमा, त्यसलाई कहीं न कहीं साचेर राख्नुपर्छ आफ्नो अनुभवलाई,' उनले अगाडि भने ।

हमालले पछिल्लो समयको चलचित्रको विषयमा बोल्दै सिनेमा हेर्ने संस्कृति नै बदलिएको बताए ।

आफु सुरुवातमा यो क्षेत्रमा प्रवेश गर्दा हेर्ने चलचित्र र अहिले धेरै बदलाप आइसकेको उनको भनाइ थियो ।

'त्यो बेला चलचित्र हेर्ने भनेको हल बाहेक अरू अप्सन थिएन,' उनले भने, 'टेलिभिजनहरू पनि थिएनन्, मोबाइलहरूको त धेरै टाढाको कुरा हो । त्यसकारण एक किसिमको उत्सव हुन्थ्यो त्यो बेलामा । र चलचित्र कसरी बन्छ भन्ने एउटा रहस्य पनि हुन्थ्यो । सबैलाई चलचित्रको मेकिङको प्रोसेस पनि त्यति थाहा हुँदैनथ्यो । त्यसकारण त्यो एउटा रहस्य चिज पनि हुन्थ्यो र हेर्न जाँदाखेरि एक किसिमको उमङ्ग हुन्थ्यो, एउटा उत्सव जस्तो पनि हुन्थ्यो ।'

अहिले आएर मान्छेको हातहातमा चलचित्र रहेको बताए उनले ।

अगाडि भने, 'हातहातमा चलचित्र मात्रै होइन, हरेक व्यक्तिले कुनै न कुनै किसिमले आफ्ना चलचित्र बनाइराछ अहिले । म सुरुवातमा आउँदाखेरि चलचित्रमा अभिनय गर्ने, गीतमा नाच्ने भन्या जस्तो खाली कलाकारले मात्रै गर्थ्यो, आम मान्छेले गर्नुहुन्थ्यो । अब अहिले त हरेक आम मान्छे टिकटक बनाएर नाच्नुहुन्छ ।'

कर्णाली प्रदेशमा पर्यटकहरु दोहोरिएर नआउनुमा आतिथ्यताको कमी मुख्य कारण

❐ काँक्रेविहार संवाददाता

सुर्खेत, ३० चैत

कर्णाली प्रदेशमा पर्यटकहरु दोहोरिएर नआउनुमा आतिथ्यताको कमी मुख्य कारण रहेको सरोकारवालाहरुले बताएका छन् । शनिबारबाट जारी कर्णाली उत्सवको सातौं संस्करणको 'घुमिफिरी कर्नाली' सत्रका वक्ताहरुले कर्णाली पर्यटकीय सम्भावनाले भरिएको भएपनि घुम्न आउनेहरु आतिथ्यताकै कारण दोम्रो पटक फर्केर नआउने गरेको बताए ।

दैलेखको गुराँस गाउँपालिकाका अध्यक्ष टोपबहादुर विसीले पर्यटकको स्वागत र आतिथ्यताको कमीले कर्णाली पुगेका ८० प्रतिशले दोम्रो पटक आउँदिन भन्ने गरेको दृष्टान्त सुनाए । 'रारा पुगेर फर्किएका ८० प्रतिशत पर्यटकहरूले 'अब अर्को पटक आउँदिन' भन्ने गरेको तितो यथार्थ हामीमाझ छ । बाटोमा दुख पाउनु, महँगो शुल्क तिर्नुपर्नु तर गुणस्तरीय खाना र बसाइ नपाउने समस्याकै कारण पर्यटकहरु दोम्रो पटक फर्केर आउँदैनन्,' उनले



भने ।

उनले काठमाडौं-नेपालगन्जको हवाई भाडा र काठमाडौं-सुर्खेतको भाडामा रहेको ठूलो भिन्नतालाई कर्णालीको पर्यटन विकासको बाधक भएको दावी गरे । समान दूरी भए पनि सुर्खेतको भाडा दोब्बर हुनुले पर्यटकहरू यहाँ आउन हिचकिचाउँने गरेको उनले बताए । 'पर्यटकहरूलाई स्थानीय कोदो, फापर र सिमी खुवाउनुको साटो सहरबाट लगिएका चाउचाउ र बिस्कुट खुवाउने प्रवृत्तिले स्थानीय अर्थतन्त्रलाई फाइदा पुगेको छैन । पर्यटकहरूले यहाँको फोहोर मात्र छोडेर जाने तर पैसा खर्च नगर्ने अवस्थाको अन्त्य हुनुपर्छ,' विसीले भने । स्थानीय तहले पर्यटन प्रवर्द्धनका लागि प्रयास थालेपनि स्रोत अभाव झेलिरहेको उनले सुनाए । विसीले डाँडाकाँडामा प्राकृतिक दृश्य हेर्न टावर बनाउने होडबाजीको कडा आलोचना गरे । उनका अनुसार टावरबाट देखिने दृश्य र डाँडाबाट देखिने दृश्यमा खासै भिन्नता नदेखिने उल्लेख गर्दै त्यो बजेट पर्यटकीय पूर्वाधारमा खर्चिनुपर्ने धारणा राखे ।

यस्तै, पर्यटन उद्यमी देवराज जैशीले कर्णाली र भेरी नदी विश्वकै उत्कृष्ट राफ्टिङ गन्तव्यमध्येमा पर्ने भएपनि प्रचार प्रसार र पूर्वाधार अभावले लाभ लिन नसकिएको बताए । उनले भने, 'कर्णाली बाँकी पृष्ठ ४

खानेपानीको संकट, सयौँ घरधुरी प्रभावित



काँक्रेविहार संवाददाता
सल्यान, ३० चैत

शारदा नगरपालिका-६ का सापमारा, ठुलागैरा, टाकुरा र गोगनपानी क्षेत्रमा खानेपानीको चरम अभाव देखिएको छ।

मुलाखोला लिफ्ट खानेपानी आयोजनाको मोटर बिग्रिएपछि करिब १ सय ५० घरधुरी प्रत्यक्ष प्रभावित भएका छन्।

स्थानीयवासीका अनुसार बिहानैदेखि पानीका लागि लामो लाइन बस्नुपर्ने अवस्था भए पनि आवश्यक मात्रामा पानी उपलब्ध हुन सकेको छैन।

सापमाराकी शशिला परियारले पानी अभावका कारण दैनिक जीवन निकै कष्टकर बनेको बताइन्। म मुटुरोगी हुँ, तर पानीकै लागि बिहानै उठेर टाढासम्म जानुपर्छ, उनले भनिन्।

त्यस्तै, पिमा रानाले खानेपानी अभावकै कारण समयमै खाना पकाउन नसकिएको र बालबालिकालाई विद्यालय पठाउनसमेत समस्या भइरहेको बताइन्।

पानीकै लागि धेरै समय खर्च गर्नुपर्छ, अरू काम गर्न भ्याइँदैन, उनको भनाइ छ।

स्थानीयवासीले तत्काल वैकल्पिक व्यवस्था गरी खानेपानी समस्या समाधान गर्न सरकारसँग माग गरेका छन्।

२०७९ सालमा करिब एक करोड रुपैयाँ लागतमा निर्माण सम्पन्न भएको मुलाखोला-ठुलापोखरा लिफ्ट खानेपानी आयोजना गत पुस महिनादेखि अवरुद्ध छ।

उपभोक्ता समितिका अध्यक्ष डम्बर रोकाका अनुसार मोटर बिग्रिएपछि नयाँ मोटर जडान गरिए पनि ट्याङ्कीसम्म पानी नपुग्ने प्राविधिक समस्या देखिएको छ।

उनले समितिसँग पर्याप्त बजेट अभाव रहेको र नयाँ उपकरणले अपेक्षित रूपमा काम नगरेको बताए। स्थानीय सरकारले समस्या समाधान गर्ने आश्वासन दिए पनि हालसम्म ठोस प्रगति नभएको भन्दै स्थानीयवासीले असन्तुष्टि जनाएका छन्।

अस्पतालको नयाँ भवन उद्घाटन, विशेषज्ञ सेवा विस्तारमा जोड

काँक्रेविहार संवाददाता
बुटवल, ३० चैत

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले दुर्गम जिल्लामा विशेषज्ञ स्वास्थ्य सेवा विस्तारलाई प्रदेश सरकारको प्राथमिकतामा राखिएको बताएका छन्।

लुम्बिनी प्रदेश सरकार अन्तर्गत सञ्चालनमा रहेको रुकुमपूर्व अस्पतालको नवनिर्मित भवन उद्घाटन गर्दै मुख्यमन्त्री आचार्यले दुर्गम क्षेत्रमा सहज र सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउन जनशक्ति व्यवस्थापनमा विशेष ध्यान दिइएको बताए।

रिक्त पद तुरुन्त पूर्ति
गर्दै आवश्यक जनशक्ति पठाउने व्यवस्था मिलाएका छौं उनले भने उनले विशेषज्ञ चिकित्सकको अभाव चुनौतीका रूपमा रहेको स्वीकार गर्दै त्यसलाई समाधान गर्ने दिशामा सरकार अघि बढिरहेको उल्लेख गरे।

साथै, पूर्वी रुकुमका सबै वडामा सडक सञ्जाल विस्तार गर्न निरन्तर प्रयास भइरहेको र आगामी बजेटमा पनि प्राथमिकता दिइने जानकारी दिए।

कार्यक्रममा प्रदेशका स्वास्थ्यमन्त्री खेमबहादुर सारूले



दुर्गम तथा विकट क्षेत्रमा स्वास्थ्य सेवा सुदृढीकरणमा जोड दिइएको बताए।

उनले अस्पतालहरूमा विशेषज्ञ चिकित्सक, आवश्यक उपकरण र भौतिक पूर्वाधार विस्तार गर्ने काम भइरहेको जानकारी दिए।

पहिले दुर्गम क्षेत्रमा जनशक्ति जान नमान्ने अवस्था थियो, तर अहिले त्यो प्रवृत्ति परिवर्तन भएको छ, मन्त्री सारूले भने, अब प्राथमिकताका आधारमा पहिला दुर्गम क्षेत्रमा जनशक्ति पठाउने नीति लिइएको छ।

प्रदेश सरकारको करिब १४ करोड रुपैयाँ लागतमा निर्माण गरिएको ५० शय्याको रुकुमपूर्व अस्पतालले अब स्थानीय नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ।

संघीयता कार्यान्वयनपछि २०७४ सालमा रुकुमपूर्व जिल्ला स्थापना भएदेखि नै पुरानो इलाका स्वास्थ्य कार्यालयकै संरचनाबाट अस्पताल सेवा सञ्चालन हुँदै आएको थियो।

सीमित पूर्वाधार र जनशक्तिका कारण अस्पतालले हालसम्म करिब १५ शय्यासम्म मात्र सेवा दिन सकेको थियो।

अस्पतालका निमित्त मेडिकल सुपरिन्टेन्डेन्ट डा. कृष्ण खरालका अनुसार अस्पतालबाट अन्तरङ्ग सेवा, फार्मेसी, दन्त उपचार, फिजियोथेरापी, प्रयोगशाला, एक्स-रे, सुत्केरी तथा नवजात शिशु सेवा लगायतका स्वास्थ्य सेवा सञ्चालनमा छन्।

२९ लाखभन्दा बढी बिरामीको उपचार

काँक्रेविहार संवाददाता
नेपालगञ्ज, ३० चैत

नेपाल नेत्रज्योति संघ बाँके अन्तर्गत नेपालगन्जमा सञ्चालित फत्तेबाल आँखा अस्पतालले स्थापना यता २९ लाखभन्दा बढी आँखा बिरामीको उपचार गरेको जनाएको छ।

संघका सभापति रतनकुमार टण्डनका अनुसार २०४३ सालमा स्थापना भएको अस्पतालले चार दशकको अवधिमा पश्चिम नेपाल र सीमावर्ती भारतीय जिल्लाका २९ लाख २९ हजार ५६३ बिरामीलाई सेवा प्रदान गरेको छ।

यस अवधिमा दुई लाख ९१ हजार ५३३ जनाको आँखाको शल्यक्रिया गरिएको छ भने अन्य बिरामीलाई परीक्षण, औषधि, चस्मा तथा परामर्श सेवा दिइएको छ। अस्पतालका अनुसार यहाँ उपचार गराउने बिरामीमध्ये करिब आधा भारतीय नागरिक रहेका छन्। संघका सचिव शान्ति श्रेष्ठका अनुसार अस्पतालको सेवा सीमापारसम्म लोकप्रिय बनेको छ। गत आर्थिक वर्ष २०८१/०८२ मा मात्र एक लाख ३७ हजार ७ सय ३१ जनाको आँखा परीक्षण गरिएको थियो भने नौ हजार ७ सय ८८ जनाको शल्यक्रिया सम्पन्न गरिएको छ।

अस्पतालका प्रमुख स्वास्थ्य निर्देशक डा. देवराज भारतीका अनुसार अस्पतालमा जलबिन्दु, मोतिबिन्दु, न्यून दृष्टि लगायतका आँखा रोगहरूको आधुनिक प्रविधिबाट उपचार हुँदै आएको छ। फेको प्रविधिबाट मोतिबिन्दु शल्यक्रिया, लेजर उपचार, डेढो आँखाको शल्यक्रिया, बालबालिकाको आँखा उपचार, बन्द अश्रुनलीको उपचार तथा रेटिना र अकुलोप्लास्टिसम्बन्धी विशिष्टीकृत सेवाहरू पनि उपलब्ध छन्।

सुरुमा १० शय्याबाट सेवा थालेको अस्पतालमा हाल २ सय ५० शय्या पुगेको छ। साथै बर्दियामा चार उपकेन्द्र सञ्चालनमा रहेका छन् भने नयाँ शल्यक्रिया भवनमा पाँचवटा आधुनिक मोडुलर अपरेशन कक्ष निर्माणाधीन छन्।

दक्ष जनशक्ति उत्पादनका लागि अस्पतालले सीटीईभीटी सँगको सहकार्यमा कलेज अफ अप्थाल्मिक हेल्थ साइन्समार्फत १२ वर्षदेखि नेत्र सहायक तहको तीन वर्षे शैक्षिक कार्यक्रम सञ्चालन गर्दै आएको छ।

पुल निर्माण अन्तिम चरणमा

काँक्रेविहार संवाददाता
टिकापुर, ३० चैत

कैलाली र बर्दिया जिल्ला जोड्ने कर्णाली नदीस्थित सनकट्टी घाटमा निर्माणाधीन पुल अन्तिम चरणमा पुगेको छ।

निर्माण कम्पनीका इञ्जिनियर धिरेन्द्र सहनीका अनुसार निर्धारित समयभन्दा अगावै पुल सम्पन्न गर्ने गरी काम तीव्र गतिमा भइरहेको छ।

नेपाल सरकारसँग विसं २०७९ पुसमा सम्झौता भई २०८० सालदेखि निर्माण सुरु गरिएको यो पुल २०८३ असोज १७ गतेभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको थियो।

निर्माण टोलीले असार मसान्तसम्ममै काम सकाएर सरकारलाई हस्तान्तरण गर्ने तयारी गरिरहेको जनाएको छ।

हालसम्म पुलका १४ वटै पिलर निर्माण सम्पन्न भइसकेका छन् भने १२औँ स्पानमा काम भइरहेको छ। आगामी १५ दिनभित्र उक्त स्पान पूरा गरी १३औँ स्पानको काम सुरु गर्ने योजना रहेको छ।

साथै, कैलालीतर्फ तटबन्ध निर्माण पनि सँगसँगै अघि बढाइएको छ। पुल निर्माण अन्तिम चरणमा पुगेपछि स्थानीयवासीलाई नदी पार गर्न सहज भएको छ।

अहिले मानिसहरूले आधा पुल र आधा नदीको बाटो प्रयोग गरेर वारपार गरिरहेका छन्। नदीको पानी डाइभर्सन गरिएकाले पहिलेभन्दै डुङ्गाको भर पर्नुपर्ने अवस्था हटेको छ।

स्थानीय भरत विकका अनुसार अब आफ्नै सवारीसाधन प्रयोग गरेर नदी पार गर्न सकिने भएको छ, जसले समय र खर्च दुवै बचत गरेको छ।

यसैगरी, जनकबहादुर विष्टले पनि खेतीपातीका लागि नियमित रूपमा बर्दिया आवतजावत गर्न सजिलो भएको बताए।

कैलालीका धेरै नागरिकको खेती बर्दियामा रहेकाले दैनिक आवतजावत आवश्यक पर्ने गर्छ भने बर्दियाका बासिन्दा किनमेल र उपचारका लागि टीकापुर आउने गर्छन्।

स्थानीय भ्रपट कडायतका अनुसार पुल सञ्चालनमा आएपछि सुदूरपश्चिम र लुम्बिनी प्रदेशबीचको सम्पर्क अझ सहज हुनेछ र करिब २० किलोमिटर दूरी पनि घट्नेछ।

हाल बर्दियाका करण चौधरीजस्ता स्थानीयले एक घण्टामै दुवैतर्फको यात्रा गर्न सक्ने बताएका छन्, जुन पहिले डेढ-दुई घण्टा लाग्थ्यो।

उनीहरूले आगामी वर्षायामअघि नै पुल पूर्ण रूपमा सञ्चालनमा आउने अपेक्षा गरेका छन्। एक अर्ब १८ करोड लागतमा निर्माण भइरहेको यस पुलको लम्बाइ ७ सय ५२ मिटर र चौडाइ ११ मिटर रहेको छ।

७.५ मिटर सवारीसाधनका लागि र बाँकी भाग पैदल यात्रुका लागि फुटपाथका रूपमा छुट्याइएको छ। परियोजनाअन्तर्गत पुलसँगै दुवैतर्फ पाँच सय मिटर पहुँच मार्ग र करिब एक हजार १५ मिटर नदी नियन्त्रणका संरचना पनि निर्माण भइरहेका छन्।

यसअघि स्थानीयवासीले कर्णाली चिसापानी र सत्तीघाटका पुल प्रयोग गर्दै आएका थिए। अब सनकट्टी घाटको पुल निर्माण सम्पन्न भएपछि कर्णाली नदीमा कैलाली र बर्दिया जोड्ने तीन वटा पुल सञ्चालनमा आउनेछन्।

सम्झौताको चार वर्षपछि बन्दै अस्पताल



काँक्रेविहार संवाददाता
हुम्ला, ३० चैत

चार वर्षअघि सम्झौता भई शिलान्यास गरिएको सर्केगाड गाउँपालिकाको १५ शय्याको अस्पताल निर्माण कार्यले हाल तीव्रता पाएको छ। पटक-पटक म्याद थप हुँदै आएको र अन्ततः गाउँपालिकाले सम्झौता रद्द गर्ने चेतावनी दिएपछि निर्माण कम्पनीले असार मसान्तसम्म काम सम्पन्न गर्ने लक्ष्यसहित कामलाई तीव्र बनाएको हो। गाउँपालिका अध्यक्ष ठानबहादुर रोकायाका अनुसार निर्माण कार्यमा देखिएको पछिल्लो प्रगतिले चालु आर्थिक वर्षभित्र अस्पताल सम्पन्न हुने अपेक्षा गरिएको छ।

उनले सम्झौता भएको पहिलो वर्ष शिलान्यास मात्र भएको, दोस्रो वर्ष हात्तीपाइले ढलान, र तेस्रो वर्ष पिल्लर ढलानपछि काम रोकिएको जानकारी दिए। गाउँपालिकाको कडा दबाबपछि गत भदौदेखि निर्माण कार्य पुनः सक्रिय रूपमा अगाडि बढाइएको अध्यक्ष रोकायाले बताए।

निर्माण कम्पनी सिएम कन्स्ट्रक्सनका सब-इन्जिनियर डिबी लामाका अनुसार हालसम्म अस्पतालको करिब ७० प्रतिशत काम सम्पन्न भइसकेको छ। सुरुवाती चरणमा सडक पहुँच नहुँदा निर्माण सामग्री ढुवानीमा समस्या आएर काम ढिला भएको उनले बताए। अहिले गाउँपालिका राष्ट्रिय सडक सञ्जालसँग जोडिएपछि निर्माण सामग्री सहज रूपमा ल्याउन सकिएको छ, जसले कामलाई गति दिएको छ, उनले भने। लहाल भवनको पहिलो तलाको ढलान सम्पन्न भइसकेको छ भने अब फिनिसिङ कार्य भइरहेको निर्माण पक्षले जनाएको छ।

शिक्षक आवश्यकता

यस शैक्षिक संस्थाको लागि तपसिल बमोजिमका पदमा शिक्षक आवश्यकता परेको हुनाले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुले यथाशीघ्र निवेदन दिनुहुन आव्हान गरिएको छ।

क्र.स.	विषय	तह	संख्या	योग्यता
१	अंग्रेजी/नेपाली	पूर्व प्राथमिक तह	२	सम्बन्धित विषयमा +2 उत्तीर्ण
२	अंग्रेजी	प्रा.वि. शिक्षक	२	सम्बन्धित विषयमा +2 उत्तीर्ण
३	विज्ञान	प्रा.वि.शिक्षक	२	सम्बन्धित विषयमा +2 उत्तीर्ण
४.	अंग्रेजी	नि.मा.वि. शिक्षक	२	सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण

अनुभवी र योग्यता पुगेकालाई प्राथमिकता दिइने।
दरखास्त दिने अन्तिम मितिः २०८३ वैशाख ६ गते विद्यालय समयमा
आवश्यक कागजातहरुः दरखास्त पत्र, व्यक्तिवृत (CV) शैक्षिक प्रमाण पत्र, नेपाली नागरिकता र अनुभवको प्रमाणपत्र
दरखास्त दिनुपर्ने ठेगानाः सिद्धपाइला इङ्गलिस मिडियम सेकेन्डरी स्कूल
वीरेन्द्रनगर-१०, शान्तिनगर, सुर्खेत
इमेलः siddhapailaschoolsurkhet@gmail.com
फोन नं.: ०८३-५२३२९०, ९८४८०५०८८६, ९८४८०५०८८२

Siddhapaila English Medium Secondary School
+2 Law, Management & Hotel Management
Birendranagar-10, Shantinagar, Surkhet
Phone No.: 083-523290, 9848050886, 9848050882
Email: siddhapailaschoolsurkhet@gmail.com Website: www.spems.edu.np

नयाँ वर्ष २०८३ को
को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
हामीकहाँ दैनिक उपभोग्य खाद्य सामानहरु थोक तथा फुटकर बिक्री गरिन्छ। साथै लक्ष्मण एण्ड महेन्द्र इन्टरप्राइजेजमा सम्पूर्ण डिलरका सामानहरु होलसेल मूल्यमा पाइन्छ।
प्रो. टिकाबहादुर ओली मो.नं. ९८५८०५१६६९, ९८५८०५५१५८
ओली सुपर मार्ट
वीरेन्द्रनगर-३, पतेनीरोड, सुर्खेत

नयाँ वर्ष २०८३ को
पावन अवसरमा सम्पूर्ण यात्रुवर्ग, सवारीधनी, कर्मचारी एवम् सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
विष्णुबहादुर खड्का
(अध्यक्ष)
मध्यपश्चिम यातायात सेवा प्रा.लि.
वीरेन्द्रनगर, सुर्खेत

कर्णाली...

नदी विश्वका उत्कृष्ट पाँच नदीभित्र समेटिएको छ । यति हुँदाहुँदै पनि यस क्षेत्रमा केही गम्भीर समस्याहरू छन् ' ''रिभर गाइड' केवल डुङ्गा चालक मात्र नभएर उनीहरू प्राथमिक उपचारक, कुक र दोभाषे पनि हुन् । हाल सुर्खेत र कर्णालीमा यस्ता दक्ष गाइडको अभाव छ र बाहिरबाट ल्याउँदा निकै महँगो पर्ने गर्दछ,' जैशीले भने । नेपाल पर्यटन बोर्डले गर्ने अन्तर्राष्ट्रिय मेलाहरूमा कर्णालीका उद्यमीहरूको पहुँच पुग्न नसकेको उनले बताए । युरोप वा अमेरिकाका मेलामा स्टल राख्न लाखौँ खर्च हुने भएकाले व्यक्तिगत लगानीमा बजारीकरण गर्न सम्भव नभएको उनको भनाई थियो । उनले भने, ' अब मोटा पुस्तक र ब्रोसरको जमाना गइसकेको छ । टिकटक, इन्स्टाग्राम र फेसबुक जस्ता सामाजिक सञ्जालमा कर्णालीलाई 'डिस्कभर कर्णाली' वा ' एडभेन्चर कर्णाली' जस्ता ब्राण्डका नाममा प्रचार गर्न आवश्यक छ ।'

यस्तै, सत्रका वक्ता आरोग्य अभियान्ता राधा पौडेलले कर्णालीलाई आरोग्य पर्यटनको केन्द्र बनाउन सकिने सम्भावनाबारे औल्याइन । पौडेलका अनुसार आरोग्य पर्यटन भनेको केवल घुम्नु मात्र होइन । यो व्यक्तिको शारीरिक, मानसिक, आध्यात्मिक, भावनात्मक, सामाजिक र वातावरणीय स्वास्थ्यसँग जोडिएको विषय हो । कर्णालीको स्वच्छ वातावरण, जडीबुटी र प्राकृतिक सुन्दरता यसका लागि सबैभन्दा उपयुक्त छ । उनले कर्णालीमा पाइने अमूल्य जडीबुटीहरूलाई प्रशोधन गरी आयुर्वेदिक उपचारसँग जोड्न सकिने बताइन । उनले भनिन्, 'जुम्लाको तातोपानी जस्ता क्षेत्रहरूलाई केवल नुहाउने ठाउँका रूपमा मात्र नभई ' हाइड्रोथेरापी' केन्द्रका रूपमा विकास गर्न सकिन्छ । यसले बाह्य पर्यटकलाई आकर्षित गर्न ठूलो भूमिका खेल्छ ।' दैलेखको महाबु जस्ता शान्त र उचाइमा रहेका ठाउँहरूमा ध्यान केन्द्र स्थापना गरी पर्यटकहरूलाई कम्तीमा एक हप्ता बस्ने गरीका प्याकेज बनाउँन सकिए आरोग्य पर्यटनबाट लाभ लिन सकिने उनले बताइन । यस्तै, उनले कर्णालीको रैथाने खानपान र जीवनशैली आफैंमा आरोग्यको स्रोत भएको बताउँदै यसलाई पर्यटनसँग जोडेर आर्थिक समृद्धि हासिल गर्न सकिनेमा जोड दिइन । १० वर्षे गुरुयोजना मुताविक अघि बढेका छौं : सचिव कर्ण सत्रका वक्ता रहेका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव अजितकुमार कर्णले कर्णालीको पर्यटन विकासका लागि १० वर्षे दीर्घकालीन गुरुयोजना तयार पारेर अघि बढेको दावी गरे । यसमा विभिन्न पर्यटकीय गन्तव्यहरूको पहिचान र पूर्वाधार विकासलाई प्राथमिकता दिइएको उनको भनाई छ । उनले 'गन्तव्य कर्णाली' मोबाइल एपमार्फत पर्यटकहरूलाई सूचना दिन एक वर्षअघि नै मोबाइल एप निर्माण गरिएको बताए । यसलाई थप परिष्कृत र अपडेट गर्ने काम भइरहेको उनको भनाई छ ।

पाँच वर्षदेखि अलपत्र पुल

❐ काँक्रेविहार संवाददाता

बाजुरा, ३० चैत

बाउली खोलामा निर्माणाधीन पक्की पुल पाँच वर्षदेखि अलपत्र पर्दा स्थानीयवासी सास्ती भोग्न बाध्य भएका छन् ।

ठेकेदार कम्पनीको लापरबाहीका कारण पुल निर्माण कार्य अझै अघि बढ्न सकेको छैन । २०७८ कात्तिक १५ गतेबाट निर्माण सुरु गरिएको उक्त पुल सम्झौता अनुसार सोही वर्ष फागुन १५ गतेभित्र सम्पन्न हुनुपर्ने थियो ।

धनगढीस्थित टिडिआर-जुगलकौशिक जेभीले पाँच करोड ५८ लाख ८८ हजार २ सय ७० रुपैयाँमा ठेक्का लिएको थियो ।

तर निर्धारित समयमै काम सम्पन्न नभएपछि सडक डिभिजन कार्यालय अछामले दोस्रो पटक २०८२ फागुन ३० गतेसम्म म्याद थप गरेको थियो ।

थपिएको म्याद सकिँदासमेत निर्माण कार्य पूरा भएको छैन । कार्यालयका अनुसार ठेकेदार कम्पनीले ९० लाख ५६ हजार रुपैयाँ भन्दा बढी भुक्तानी लिइसकेको छ ।

तर हालसम्म पुलको एक पिलरसमेत निर्माण हुन नसकेको अवस्था छ ।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **पम्फाकुमारी शाही** धनी रहेको, **दर्ता नम्बर ७७७८** बाट **वीरेन्द्रनगर-१० सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेष्ठा कायम रहेको **गंगामाला कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **डिकेन्द्र भारती** धनी रहेको, **दर्ता नम्बर ८१-५-३०** बाट **वीरेन्द्रनगर-४ सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेष्ठा कायम रहेको **मूलपानी स्टार स्केट पार्क** नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नु पर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रूपमा दाबी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

छत्रबहादुर थापा (कार्यकारी निर्देशक) | श्याम पौडेल (सचिव) | बमबहादुर विसी (अध्यक्ष)

वीरेन्द्रनगर बचत तथा ऋण सहकारी संस्था लि.

वीरेन्द्रनगर, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

हामीकहाँ उन्नत बीउ बेर्ना, औषधी, कुखुरा चल्ला दानालगायत एग्रोभेट सम्बन्धी सम्पूर्ण सामानहरू थोक फुटकरमा पाइन्छ ।

मो.नं. ९८५८०५०८५३/९८१२५२०९८३

भट्टराई एग्रोभेट सेन्टर

वीरेन्द्रचोक, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

हामीकहाँ नं. १ सुनचाँदीका गरगहनाह रेडिमेट पाउनुका साथै अर्डर अनुसार तयार गरिन्छ ।

प्रो. दिनेश एण्ड ब्रोदर्स | मो.नं. ०८३-५२१९४९/९८४८०२४५२४

न्यू पोखरा आभूषण केन्द्र

वीरेन्द्रनगर-६ बिचबजार, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

rameshnepali735@gmail.com

मो.नं. ९८४८०३९०२१/९८२२४०२४९२/९८२५२८५०२०

रमेश टेलर

वीरेन्द्रनगर-६, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

यहाँ नयाँ तथा पुराना आकर्षक गरगहना तयार गर्नुका साथै रासी अनुसार पत्थर सुनचाँदी सम्बन्धी सम्पूर्ण कारोवार गरिन्छ ।

प्रो. रिमलाल रामदास | मो.नं. ०८३-५२०८४४/९८५८०५०१८९

न्यू भैरहवा टेडर्स

वीरेन्द्रनगर-६, वीरेन्द्रचोक, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

बेद बाँसको च्याक, हेङ्गर, मुढा, लिखेटो, ढेकी, काठका भाँडावर्तन तथा प्लाष्टिक जन्य सामग्रीहरू सुपथ मूल्यमा पाइन्छ ।

प्रो. घनश्याम पुरी | मो.नं. ०८३-५२४०१८/९८६७२७४५८०

शान्ति सप्लायर्स

वीरेन्द्रनगर-६, हटिया, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

हामीकहाँ दैनिक उपभोग्य वस्तु तथा विवाह, पार्टी, ब्रतवन्ध, पिकनिकका सम्पूर्ण सामानहरू पाउनुका साथै थोक तथा फुटकरमा पाइन्छ ।

प्रो. मदनबहादुर राना | मो.नं. ९८४८१४२२०१०

मदन किराना स्टोर

वीरेन्द्रनगर-६, हटिया, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

हामीकहाँ गुणस्तरीय बर्थडे, एनिवर्सरी, फ्रूट केक, पेस्टिज केक, कुकिज, ब्रेड, पाउ, माफिन्स पेटिज आदिको उत्पादन एवं सुपथ मूल्यमा बिक्री वितरण गरिन्छ ।

प्रो. टोपबहादुर चन्द | मो.नं. ९८६८९३७४९३

मनकमल बेकरी शप

वीरेन्द्रनगर-८, खजुरा, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

हामीकहाँ आधुनिक डिजाइन पलङ, स्टिल दराज, काठमा दराज, टिभी क्याविनेटका साथै सिसा प्लाइउड, किला कब्जा, रन्दा मेशिन पाइन्छ ।

प्रो. राजु गहतराज

राजु फार्निचर उद्योग एण्ड स्टिल फर्निचर

वीरेन्द्रनगर-६, खोर्केलाइन, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

हामीकहाँ कर्णाली प्रदेशको राजधानी सुर्खेत लगायत प्रदेशभरी ताजा तथा स्वच्छ अर्गानिक तरकारी एवम् फलफूल चाहिएमा सम्पर्क गर्नुहोला ।

प्रो. पूजा सिंह

पूजा सब्जी मण्डी

वीरेन्द्रनगर-६, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

हामीकहाँ कर्णाली प्रदेशको राजधानी सुर्खेत लगायत प्रदेशभरी ताजा तथा स्वच्छ अर्गानिक तरकारी एवम् फलफूल चाहिएमा सम्पर्क गर्नुहोला ।

प्रो. प्रकाश कुमार तिमिल्सेना

प्रकाश फलफूल मण्डी

वीरेन्द्रनगर-६, कृषि हाटबजार, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

हामीकहाँ दैनिक उपभोग्यका सम्पूर्ण सामानहरू थोक तथा फुटकरमा पाइन्छ ।

प्रो. रामबहादुर खड्का

मार्सल जनरल स्टोर

वीरेन्द्रनगर-३, सुर्खेत

नयाँ वर्ष २०८३ को

को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग, हितैषी, एवम् सम्पूर्ण नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको

हार्दिक मंगलमय शुभकामना

व्यक्त गर्दछौं ।

प्रो. लक्ष्मण कँडेल

असिम अटो पार्टस्

वीरेन्द्रनगर, सुर्खेत

काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८५८०५०५०५, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)